निर्णयहरु:

१. प्रदेश सरकार मन्त्रिपरिषद् बैठक, सचिव बैठक र संघको सचिव बैठकका निर्णय एवं विभिन्न समयमा सम्माननीय प्रधानमन्त्री र माननीय मुख्यमन्त्रीज्यूबाट भएको निर्देशन कार्यान्वयनको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन सुनिश्चित गर्ने र सोको प्रगति आगामी सचिव बैठकमा प्रस्तुत गर्ने । यस आर्थिक वर्षमा भएको सचिव बैठकका निर्णय मध्ये करिब २२ प्रतिशत निर्णय कार्यान्वयन शुरुवात नै नभएको देखिएकाले सो तर्फ गम्भीर भई शतप्रतिशत निर्णय कार्यान्वयनको व्यवस्था मिलाउने ।

२. चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति हासिल गर्न सबै मन्त्रालय / निकायले जोड दिने । विनियोजित बजेट तथा कार्यक्रमको सुक्ष्म विश्लेषण गरी विनियोजन दक्षता हासिल गर्ने गरी आवश्यक सुधार गर्न एवं विभिन्न क्षेत्रगत विनियोजन, आयोजना छनौट र खर्च एवं निर्माणाधीन ठूला आयोजनामा नपुग बजेट व्यवस्थापन लगायतका विसंगतिपूर्ण (जस्तै: Over allocation, under-funded, inadeqaute-funded, multiple funded, inappropriate allocation, mistakes and mismatched allocation) अवस्थाको अन्त्य गर्न सबै क्षेत्रगत निकायको समन्वयमा आर्थिक मामिला मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगले कानूनी तथा व्यवहारिक सुधारका उपाय पहिचान गरी कार्यान्वयन गर्ने ।

३. स्थानीय तहमा वित्तीय हस्तान्तरणको दर अभिवृद्धि गर्नुका साथै गुणस्तर बढाउन तथा विनियोजन तथा आयोजना छनोटलाई पारदर्शी, तथ्यपरक र मागमा आधारित तुल्याउन एवं ठूलो संख्यामा साना आयोजना छनोट गर्ने अभ्यास लगायत निर्णय नं २ मा उल्लेखित विसंगतपूर्ण अवस्था नियन्त्रण गर्न आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली लगायतका वित्तीय हस्तान्तरण र आयोजना छनोट सम्बन्धी कार्यविधि र मापदण्ड तत्काल जारी गर्ने व्यवस्था मिलाउनुका साथै विधुतीय प्रणाली मार्फत आयोजनाको माग / प्रस्ताव संकलन गर्ने र कानूनी व्यवस्थाको जानकारी दिन आर्थिक मामिला मन्त्रालयको संयोजन र क्षेत्रगत मन्त्रालयको समन्वयमा प्रदेश नीति तथा योजना आयोगले प्रदेश मातहत निकाय र स्थानीय तहलाई अभिमुखीकरण गर्ने ।

४. प्रदेश गौरवका आयोजना र ठूला आर्थिक तथा पूर्वाधार विकासका आयोजनाको कार्यप्रगतिको संयुक्त अनुगमनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सम्बन्धित सचिवको संयोजकत्वमा आयोजना सम्बद्ध मन्त्रालय, आर्थिक मामिला मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको सचिव वा अधिकृत प्रतिनिधि सम्मिलित अनुगमन समिति गठन गर्ने । समितिले विभिन्न माध्यम र स्रोतबाट अनुगमन एव संकलन गरेको सूचना र तथ्यको विश्लेषण गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्ने ।

५. मन्त्रालय / निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य शीघ्रताका साथ सम्पन्न गर्न सबै सचिवले दैनिक कार्यसूचिमा राखी आवश्यक भएमा प्राविधिक सहयोग समेत जुटाई ओ एण्ड एम मस्यौदा प्रतिवेदन सम्बन्धित समितिमा यथाशिघ्र पेश गर्ने ।

६. मन्त्रालय/ निकायसँग सम्बन्धित मौजुदा ऐन कार्यान्वयनमा रहेका बाधा वा परिमार्जनका विषय पहिचान गरी कानून संशोधनको प्राथमिकता एवं सो बमोजिमको संशोधन मस्यौदा तयार गरी १५ दिनभित्र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने ।

७. मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारीमा अनुशासन, सदाचार, शिष्टता सहितको व्यावसायिक कार्यकुशलता अभिबृद्धि गर्न नियमित तथा छडके अनुगमन, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नुका साथै मौजुदा जनशक्तिबाट अधिकतम कार्यसम्पादन गराउन सबै सचिवले प्रभावकारी नियन्त्रण, निर्देशन एवं परिचालन गर्ने ।

८. हरेक सचिव बैठक तथा तालुक निकाय एवं पदाधिकारीबाट निर्देशन एवं निर्णय भएको भोलिपल्ट सबै सचिवले मन्त्रालयमा महाशाखा प्रमुख / अधिकृत कर्मचारी बैठक राखी डिब्रिफिंग गरी निर्णय / निर्देशन कार्यान्वयन सुनिश्चित गर्ने ।

९. सबै निर्णय कार्यान्वयनको प्रगति नियमित रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रतिवेदन गर्ने ।

०७६।१२।१६

नारायण प्रसाद शर्मा दुवाडी
प्रमुख सचिव